# मनाङ जिल्लाको परिचय

नेपालको मानचित्रमा गण्डकी प्रदेश तथा साविकको पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अंचलको उत्तरी भेगमा अवस्थित हिमाली जिल्ला मनाङ भौगोलिक हिसाबले विकट एवं दुर्गम भएपनि प्राकृतिकरुपमा अत्यन्त सुन्दर तथा यातायात र अन्य विकासका पूर्वाधारको दृष्टिकोणबाट अगाडि बढ्दै गरेको जिल्ला हो। २,२४६ वर्ग किलोमिटर क्षेत्रफलमा रहेको यो जिल्लाले नेपालको कूल क्षेत्रफल १,४७,१८१ व.कि.मि.मध्ये १.५३ प्रतिशत ओगटेको छ। हिमालपारीको जिल्ला समेत भनेर चिनिने यो जिल्लाको नाम “मनाङ” जो साबिकको एक गाउँविकास समितिको नाम पनि हो। मनाङ तिब्बती भाषाको “म्हनाङ” शब्दबाट अपभ्रंश भएर आएको मानिन्छ। तिब्बती भाषामा ‘म्ह’ को अर्थ सहायता र ‘नाङ’ को अर्थ देऊ भन्ने हुन्छ। विकट हिमाली भौगोलिक अवस्थितिमा रहेको हुँदा बाह्य सहायता विना जनजीवन थप कष्टकर रहेको भन्ने सन्देश दिने अर्थमा नै यो जिल्लाको नामाकरण भएको बुझ्न सकिन्छ।

## ऐतिहासिक पृष्ठभूमि

गण्डकी प्रदेशमा पर्ने मनाङ जिल्ला हिमाल पारीको जिल्लाको नामले परिचित जिल्ला हो। कूल क्षेत्रफल २२४६ बर्ग कि पश्चिममा मुस्ताङ र , ओगटेको यस जिल्लाको सिमाना पूर्वमा गोरखा र लमजुङ .मी. दक्षिणमा कास्की र लमजुङ तथा उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्वत प ,म्याग्दीर्दछ। जिल्लाको भौगोलिक विकटताको साथसाथै अत्यन्तै लोभ लाग्दो विषेशताहरुको समेत यो जिल्ला भरिपूर्ण छ। प्राकृतिक छटा तथा स्वन्दर्यताले भरिपूर्ण हिमालको काखमा अवस्थित यस जिल्लामा यहाँको सुन्दरताको बयान गर्दा अति नै मनमोहक दृष्यहरु अग्ला भिराला पहाडहरु र उच्च ,हिमश्रृखलाहरु पर्दछन। यो जिल्ला लाखौं स्वदेशी तथा विदेशी पर्यटकको गन्तव्य मार्ग अथाह ,अपार बन सम्पदा ,बहुमूल्य जडिबुटी , जैविक विविधताले भरीपूर्ण विश्वको सर्वाधिक अग्लो स्थानमा भएको रहेको तिलिचो ताल ,जलस्रोतको धनी साना तालहरुको बेजोड- तथा असंख्य कुण्ड एवं ससंगम भएको तथा पर्यटकीय आम्दानीको हिसाबले अगाडि रहेको र अझै धेरै संभावना बोकेको पर्यटकीय जिल्ला हो मनाङ।

## भौगोलिक स्वरुप

समुद्र सतह भन्दा करीव १६८० मिटरको उचाइमा रहेको नासों गाउँपालिका (साविक धारापानी गा.वि.स.) को सुन्दर तालगाउँबाट शुरु भएको मनाङ जिल्लाको सबै भन्दा उच्च भूभागमा रहेको ८,१६३ मिटर अग्लो मनासलु हिमाल रहेको छ, भने समुद्र सतहदेखि ४,९१९ मिटरमा अवस्थित विश्वको अग्लो हिमतालको रुपमा परिचित तिलिचो ताल समेत यसै जिल्लामा रहेको छ।

**जिल्ला प्रवेशको प्रमुख नाका**

- बेसिशहर (लमजुङ) - ताल (३५कि.मि.) हुँदै -धारापानी - चामे, मनाङ ६५ कि.मि.
- कास्कीको सिक्लेस — दुधपोखरी - डाँफे लेक नामुनला पास (५५६० मीटर) हुँदै तिमाङ - चामे, मनाङ
- मुस्ताङको जोमसोमबाट तिलिचो ताल मेसोकान्दो पास (५३३० मीटर हुँदै खंसार मनाङ
- मुस्ताङको मुक्तिनाथबाट थोराङला पास (५४१६ मीटर) हुँदै टंकी मनाङ, मनाङ
- मुस्ताङको दामोदर कुण्डबाट सरिवुङ पास (६०४२ मीटर) नार फू गाउँ हुँदै चामे, मनाङ
- तिब्बत क्याङचुमीबाट खाङविर अन्तर्राष्ट्रिय सिमा नाका (५८०० मीटर) हुँदै नार-फू - चामे, मनाङ
- गोर्खाको सामा र साम्दो गाउँ लार्के पास (५१०६ मीटर) हुँदै थोंचे, मनाङ

**प्राकृतिक स्वरुप**

मनाङ जिल्ला हिमालपारिको जिल्लाको रुपमा चिनिन्छ। चामे भन्दा माथि वा पश्चिमउत्तरतिर रहेको भागलाई माथिल्लो मनाङको नामले चिनिन्छ। यस भेगमा एउटा मात्र मनाङ ङिस्याङ गाउँपालिका पर्दछ। यो जिल्लाको अधिकांश भाग चट्टानी पहाड र हिमालले घेरिएको छ। यस जिल्लाको प्राकृतिक स्वरुप दक्षिणबाट उत्तरतर्फ क्रमशः उँचाई बढ्दै गएको पाईन्छ। यो जिल्लामा रहेको तिलिचो ताल विश्वको सबैभन्दा उचाँईमा रहेको तालको रुपमा परिचित छ। अन्नपूर्ण पदमार्ग अन्तरगत नार्सो गाउँपालिकाको तालक्षेत्रबाट थोराङफेदी हुँदै थोराङला पास भएर मुस्ताङ जिल्लाको मुक्तिनाथ क्षेत्रमा पुग्न सकिन्छ। यस जिल्लाको सदरमुकाम चामे मर्स्याङदी नदीको किनारमा रहेको छ भने मर्स्याङदी नदी यस जिल्लाको बीच भाग भएर पश्चिम उत्तरबाट पूर्वदक्षिणतर्फ बहेको छ।

**हावापानी**

मनाङ जिल्ला उच्च हिमश्रृंखलाको पृष्ठ भागमा पर्ने भएको हुँदा यहाँ कम वर्षा हुने गर्दछ। यहाँ समशितोष्णदेखि हिमाली हावापानीसम्म पाईन्छ। नासों गाउँपालिकाको दानाक्यू क्षेत्रदेखि सदरमुकाम चामे र मनाङ ङिस्याङ गाउँपालिकाको सवैजसो क्षेत्रमा हिउँ पर्ने हुनाले अत्यधिक चिसो हावापानी पाईन्छ भने नार्पाभूमि गाउँपालिकाको नार र फू भन्ने स्थानमा भौगोलिक विकटता तथा अत्यधिक हिउँ परिरहने हुनाले चिसो वढि हुने र वसोवास पनि मौसमी भएको पाईन्छ।

**वनस्पती तथा बन्यजन्तु**

मनाङ जिल्लाको उत्तरी भेगमा वर्षा कम हुने र सुख्खा हावापानी हुनाले कम मात्रामा वनस्पति पाइन्छ। मरुभूमी प्रकृतिको उत्तरी भेगमा काँडेदार झाडी बढी मात्रामा पाईन्छ। जिल्लामा वनको कूल भू-भाग १९,१६५.९० हेक्टर अर्थात जिल्लाको क्षेत्रफल मध्ये ८.५३% भाग मात्र वनजङ्गलले ढाकेको छ। यस भेगमा फूल फूल्ने र नफूल्ने दुवै प्रकारका विरुवाहरु भएको घाँसे मैदान छ। जसले गर्दा यहाँका

मानिसहरुले भेंडा, बाख्रा, चौंरी जस्ता पशुहरु पाल्ने गर्दछन्। यस भेगमा धुपी, भोटेपिपल र बैंसका रुखहरु कतै कतै पाईन्छन् भने ५००० मीटरभन्दा माथि बाह्रै महिना हिउँ जम्ने हुनाले वनस्पति पाईंदैन। यो क्षेत्रमा वनस्पतिका रुपमा काई र लेउ मात्र पाईन्छन्। जिल्लाको दक्षिणी भेगमा उत्तरी भेगको तुलनामा बढी वर्षा हुने हुनाले यस क्षेत्रमा सदाबहार कोणधारी वनस्पति पाईन्छन्। मनाङमा पाईने वन्यजन्तुहरुमा चितुवा, मृग, कस्तुरी, घोरल, झारल, चित्तल र नाउर आदि हुन् भने चराचुरुङ्गीहरुमा राष्ट्रिय पंक्षी डाँफे, मुनाल, मलेवा, कालिज, परेवा, च्याखुरा, काग, ढुकुर जस्ता चराहरु पाईन्छन्।

## माटो

मनाङ जिल्लाको नासों गाउँपालिका र चामे गाउँपालिकामा ढुँङ्गा मिश्रित कालो रङ्गको बलौटे दोमट खालको माटो पाईन्छ भने माथिल्लो मनाङको मनाङ ङिस्याङ गाउँपालिका र नार्पाभूमि गाउँपालिकामा खैरो रङ्ग र क्षारीय किसिमको माटो पाईन्छ। साथै अधिकांश भागमा कडा खालको चट्टान पाईन्छ। समष्टिगत रुपमा यस जिल्लामा अत्यधिक चुन पाईने हुनाले जिल्लाभरको माटो नै हल्का रुपमा क्षारीय किसिमको छ। माटोको प्रकृतिको कारणले आलु मुख्य खाद्यवाली तथा करु, फापर, गँहु र स्याउ प्रशस्त उत्पादन हुने जिल्लाको रुपमा मनाङलाई लिन सकिन्छ।

## प्राकृतिक सम्पदा

सदरमुकाम चामे हुँदै वग्ने मर्स्याङदी नदी, मनाङ ङिस्याङ गाउँपालिकामा पर्ने गंगापूर्ण ताल र विश्वको सबैभन्दा अग्लो स्थान ४९१९ मिटर उचाईमा रहेको तिलिचो ताल र विश्वको दसौं उत्कृष्ट पदमार्ग गन्तब्यको रुपमा परिचित थोराङला पास यस जिल्लाका पर्यटकहरुलाई आकर्षित गर्ने मूख्य सम्पदाहरु हुन। यस वाहेक केचो, पोंकर, आइसलेक, छोकर्ण, डोना तालहरु पनि रहेका छन्। सधैंभरी हिउँले ढाकिरहने हिमालहरु अन्नपूर्ण पहिलो/दोस्रो/तेस्रो, लमजुङ हिमाल, रत्न चुली हिमाल, पिसाङ्ग पिक, चुलु हिमाल, हिमलुङ हिमाल , कंगारु हिमाल र तिलिचो पिक समेत आकर्षणका रुपमा रहेका छन्। उच्च पहाडी एवं हिमाली जिल्ला भएको हुँदा यहाँ कोणधारी र टुण्ड्रा गरी दुई किसिमका बोट बिरुवाहरु पाईन्छ। ठिङ्गुरे सल्ला, धुपि सल्ला, गोब्रे सल्ला, लौठ सल्ला, झुले सल्ला र तालिस पत्र जस्ता रुखहरु तथा सल्ला, लालीगुराँस, मसुरे कटुस, भोजपत्र आदि यस जिल्लामा पाईने मुख्य रुख विरुवाहरु हुन्। त्यस्तै गरी जडिबुटीहरुमा यार्सागुम्बा, पाँचऔले, जटामसी, शिलाजीत, जिम्बु, सिबाकथ्रोन, निरमसी, कुटकी, तिक्का, सुगन्धवाल, पदमचाल, चिराइतो, तेजपात, गुच्छेच्याउ, सल्ला, महारङ्गी बोझो, भोटखयर, वन लसुन, कुरीलो र टिमुर आदि पाईन्छ।

## राजनीतिक विभाजन

मनाङ जिल्लालाई राजनीतिक हिसाबले केन्द्रीय (संघीय) स्तरमा प्रतिनिधि सभा निर्वाचनका लागि एक क्षेत्र, प्रदेश सभा निर्वाचनका लागि दुई क्षेत्र, र ४ वटा गाउँपालिका तथा २८ वटा वडाहरुमा विभाजन गरिएको छ।

मनाङ जिल्लालाई निम्नानुसार ४ वटा स्थानीय तहका गाउँपालिकाहरुमा विभाजन गरिएको छ।

**(क) मनाङ डिस्याङः** वडा नं १ देखि ९ सम्म गरी ९ वटा वडा (पिसाङ, घ्यारु, डावल, भ्राका, मनाङ, टंकी मनाङ र खाङसार साविकका ७ गाउँ विकास समितिहरु) रहेको।

**(ख) चामे गाउँपालिकाः वडा नं** १ देखि ५ सम्म गरी जम्मा ५ वटा वडा (साविकको चामे गाउँ विकास समिति)

**(ग) नासों गाउँपालिकाः वडा नं** १ देखि ९ सम्म गरी ९ जम्मा वटा वडा (धारापानी, थोंचे, ताचै वगरछाप साविकका ३ गाउँ विकास समितिहरु) रहेको।

**(घ) नार्पा भूमि गाउँपालिकाः वडा नं** १ देखि ५ सम्म गरी जम्मा ५ वटा (नार र फू साविकका २ वटा गाउँ विकास समितिहरु)

राष्ट्रियस्तरमा प्रतिनिधि सभामा जिल्लाको प्रतिनिधित्व गर्न एउटा मात्र निर्वाचन क्षेत्र रहेको छ भने प्रदेश सभातर्फ गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लामा २ निर्वाचन क्षेत्र रहेका छन्। प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ अन्तर्गत चामे र नासों गाउँपालिका तथा प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ तर्फ नार्पाभूमि र मनाङ डिस्याङ गाउँपालिका रहेका छन्।

**जनसांख्यिक विवरणः-**

मनाङ जिल्लामा राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार जम्मा जनसंख्या ४९२५ देखिन्छ, भने यी मध्येमा पुरुष २,५४७ र महिला २,३७८ रहेको देखिन्छ। यस अघिको राष्ट्रिय जनगणना , २०६८ मा पुरुष ३,६६१ र महिला २,८७७ गरी कूल जनसंख्या ६,५३८ रहेको थियो ।

यस जिल्लाको जनसंख्या बृद्धिदर घट्दोक्रममा देखिएको छ। भर्खरै सम्पन्न जनगणना, २०७८ को नतिजा अनुसार जनसंख्या बृद्धिदर -१४१ प्रतिशत ऋणात्मक रहेको छ। यस अघिको जनगणना , २०६८ को नतिजा अनुसार पनि मनाङ जिल्लाको जनसंख्या बृद्धिदर घट्दो क्रममै -३.८३ प्रतिशत ऋणात्मक रहेको थियो। भौतिक सुविधाको खोजिमा जिल्ला बाहिर जाने बढ्दो प्रबृत्ति र वैदेशिक सेवाबाट फर्किए पछि सुविधायुक्त स्थानहरुमा बसोवास गर्ने क्रम बढ्दो रुपमा भएकोले जनसंख्या घट्दो क्रममा रहेको देखिन्छ।

**क) साबिकका गाउँ विकास समिति अनुसार जनसंख्या विवरणः**

| सि.नं. | गा.पा. | गा.वि.स. | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | चामे | चामे | २७९ | ५३२ | ५९७ | ११२९ |
| २ | मनाङ डिस्याङ | मनाङ | १३१ | २७५ | ३७३ | ६३० |
| ३ | | टंकी मनाङ | ११० | १७४ | २०३ | ३७७ |
| ४ | | भ्राका | ८३ | १५७ | १४९ | ३०६ |
| ५ | | पिसाङ | १०५ | १४८ | १५९ | ३०७ |
| ६ | | खाङसार | ५८ | ११९ | १३८ | २५७ |
| ७ | | डावल | ७३ | १२३ | १५१ | २७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | | घ्यारु | ३३ | ३९ | ३२ | ७१ |
| ९ | नासोँ | धारापानी | २३२ | ४९७ | ५१५ | १०१२ |
| १० | | ताचैबगरछाप | १२० | २८१ | २६३ | ५४४ |
| ११ | | थोंचे | १०२ | २०५ | १७७ | ३८२ |
| १२ | नार फू | नार | ८६ | १९२ | १७० | ३६२ |
| १३ | | फू | ३६ | ८८ | ८८ | १७६ |
| १४ | | संस्थागत | ३२ | ६५ | ६४६ | ७११ |
| **कुल जम्मा** | | | **१४४८** | **२८७७** | **३६६१** | **६५३८** |

**(स्रोतः राष्ट्रिय जनगणना २०६८)**

**ख) राष्ट्रिय जनगणना, २०७८ को आधारमा मनाङ जिल्लाको प्रारम्भिक जनसंख्याविवरणः**

| **क्र.सं.** | **विवरण** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|
| १ | जनगणना घर संख्या | १४७२ | |
| २ | परिवार संख्या | १५७० | |
| ३ | कुल जनसंख्या | ५६४५ | वि.स. २०६८ को कुल जनसंख्या ६५३८ |
| | पुरुष | ३१८८ | |
| | महिला | २४५७ | |
| ४ | लैङ्गिक अनुपात | १२९.७५% | |
| ५ | परिवारको औषत आकार | ३.६० | |
| ६ | जन घनत्व | ३ प्रति वर्ग कि.मि. | |
| ७ | वार्षिक जनसंख्या वृद्धिदर | -१.४१% | |


- **द्रष्टब्यः** जिल्ला जनसंख्यामा संस्थागत परिवारको जनसंख्या समेत समावेश गरिएको छ
- **स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, " राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा" माघ, २०७८

ग) राष्ट्रिय जनगणना, २०७८ को आधारमा मनाङ जिल्लाको घरधुरी र गाउँपालिका जनसंख्या विवरणः

| क्र.सं. | स्थानीय तह/ गाउँपालिका | जनगणना घर संख्या | परिवार संख्या | प्रारम्भिक जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला |
| १ | चामे | ३३३ | ३९१ | १२७२ | ७२८ | ५४४ |
| २ | नार्पाभुमि | १२५ | १२५ | ३९८ | १७० | २२८ |
| ३ | नासों | ४४१ | ४७१ | १६७१ | ८२१ | ८४० |
| ४ | मनाङ डिस्याङ | ५४८ | ५५८ | १५८४ | ८१८ | ७६६ |

- **द्रष्टब्यः** स्थानीय तहको जनसंख्यामा संस्थागत परिवारको जनसंख्या समावेश गरिएको छैन। त्यसकारण स्थानीय तहको जोड जिल्लाको जनसंख्यासँग फरक पर्न सक्दछ।
- **स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, " राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा" माघ, २०७८

## ३.४ जिल्लाको नक्सा



थोराङ फेदी
तिलिसो बेश
फू
नार
मेता
खाङसार
ङावल
घ्यारु
जिल्ला मनाङ्ग
मुस्ताङ्ग
म्याग्दि
कास्कि
लम्जुङ्ग
नार्फु गाउँपालिका
नेस्याङ्ग गाउँपालिका
नाशोङ्ग गाउँपालिका
चामे गा पा
संकेत
सबल नेपाल.प्र.
क्षेत्र नम्बर २
सुरक्षा निकाय
नेपाली सेना
नेपाल प्रहरी